# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### गभर्नर डा. चिरंजीबि नेपालसँग World Bank का नेपालका लागि नवनियुक्त Country Manager Faris H. Hadad-Zervos द्वारा भेटवार्ता

गभर्नर डा. चिरंजीबि नेपालसँग World Bank का नेपालका लागि नवनियुक्त Country Manager Faris H. Hadad-Zervos ले जेठ ११ गते उहाँको कार्यकक्षमा शिष्टाचार भेटवार्ता गर्नुभयो ।



भेटवार्ताका अवसरमा Country Manager Hadad-Zervos ले World Bank ले नेपालको वित्तीय क्षेत्र विकासमा नेपाललाई आवश्यक सहयोग गर्न तयार रहेको बताउनुभयो । सो अवसरमा उहाँले नेपालको अर्थतन्त्रमा नेपाल राष्ट्र बैंकले खेलेको भूमिकाको सह्राना गर्दै नेपालले विप्रेषण आप्रवाहलाई थप व्यवस्थित गर्न थाल्नुपर्ने पहलकदमका बारेमा छलफल गर्नुभयो ।

भेटवार्ताका क्रममा गभर्नर डा. नेपालले World Bank ले नेपाललाई गरेको सहयोगको लागि धन्यवाद व्यक्त गर्दै नेपालको वित्तीय क्षेत्रको अवस्था र संघीय संरचनामा बैंक तथा वित्तीय संस्थाहरुको भूमिका एवं वित्तीय व्यवस्थापनको चुनौतिका बारेमा बताउनुभयो । उक्त अवसरमा उहाँले नेपालको अथर्तन्त्रमा थुप्रै चुनौतीहरु रहेको र राजनैतिक स्थायित्वले यी चुनौतीहरुको समाधान भई आर्थिक सम्बृद्धितर्फ मुलुक अगाडि विश्वास व्यक्त गर्नुभयो । साथै, मुलुकमा पूर्वाधार विकासका लागि आवश्यक पर्ने वित्तीय स्रोतका लागि वैदेशिक लगानीलाई आकर्षित गरी उपयुक्त क्षेत्रमा लगानी गर्नुपर्ने बताउनुभयो ।

उक्त भेटवार्तामा Country Manager Hadad-Zervos का साथ World Bank का Senior Financial Sector Specialist Sabin Raj Shrestha र Senior Economist Rosha Darshan Bajracharya लगायतको उपस्थिति रहेको थियो ।

२०७५ जेठ ११, शुक्रबार

गभर्नरको कार्यालय